नगरसभाको अठारौं अधिवेशन
बैठक संख्या: ०३
मिति २०८२।०३।२७

**प्रस्ताव नं १८.०३.०१**
**आ.व. २०८२।०८३ को राजश्व र व्ययको अनुमान (बजेट) सम्बन्धमा।**
**निर्णय नं १८.०३.०१**

मिति २०८२।०३।१० गते मुसिकोट नगरपालिकाको दोस्रो नगरसभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा नगरउपप्रमुख श्री गंगा श्रेष्ठले पेश गर्नुभएको आ.व २०८२।०८३ को राजश्व र व्ययको अनुमान (बजेट) सम्बन्धी प्रस्ताव छलफल पश्चात सभामा निर्णयार्थ पेश हुँदा बहुमतले पारित गरियो।

**प्रस्ताव नं १८.०२.०२**
**विनियोजन विधेयक, २०८२ सम्बन्धमा।**
**निर्णय नं १८.०२.०२**

मिति २०८२।०३।१० गते मुसिकोट नगरपालिकाको दोस्रो नगरसभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा नगरउपप्रमुख श्री गंगा श्रेष्ठले पेश गर्नुभएको मुसिकोट नगरपालिकाको विनियोजन विधेयक, २०८२ सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा बहुमतले पारित गरियो।

**प्रस्ताव नं १८.०२.०३**
**आर्थिक विधेयक, २०८२ सम्बन्धमा।**
**निर्णय नं १८.०२.०३**

मिति २०८२।०३।१० गते मुसिकोट नगरपालिकाको दोस्रो नगरसभाको अठारौं अधिवेशनको दोस्रो बैठकमा नगरउपप्रमुख श्री गंगा श्रेष्ठले पेश गर्नुभएको मुसिकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई स्वीकृत गर्न बनेको विधेयक, आर्थिक विधेयक, २०८२ सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा बहुमतले पारित गरियो।

**प्रस्ताव नं १८.०२.०४**
**छानबीन समितिको प्रतिवेदन सभामा पेश गर्ने सम्बन्धमा।**
**निर्णय नं १८.०२.०४**

मिति २०८२।०३।०४ र मिति २०८२।०३।०५ गते मुसिकोट नगरपालिकामा घटित घटनाहरुको छानबीनका लागि कार्यपालिकाबाट गठन भएको छानबीन समितिले तयार गरेको प्रतिवेदन सभा सदस्य श्री लक्ष्मण खराल मार्फत सभामा पेश गरियो।

जिवलाल घरेल जीवन
नगर प्रमुख

**प्रस्ताव नं १८.०२.०५**

**अस्थायी दरबन्दी स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं १८.०२.०५**

मुसिकोट नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्वीकृत संगठन संरचना बमोजिमका केही रिक्त पदहरुमा लोकसेवा आयोग मार्फत स्थायी कर्मचारी समयमै पदपूर्ती नहुँदा कार्यसम्पादनमा कठिनाई भएकोले करार सेवामा कर्मचारी नियुक्ती गरी कामकाजमा लगाउनुपर्ने बाध्यात्मक परिस्थितिमा मेडिकल डाक्टर, पशु चिकित्सक, सहायक कम्प्युटर अपरेटर, नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, मालि जस्ता पदहरुमा दरबन्दी सिर्जना गरी करार सेवामा कर्मचारी नियुक्ती गरी कामकाजमा लगाउनुपर्ने हुँदा उक्त अस्थायी दरबन्दी सभाबाट स्वीकृत गर्नका लागि नगरप्रमुख श्री जिवलाल खरेल जीवनज्यू मार्फत प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा बहुमतले पारित गरियो ।

**प्रस्ताव नं १८.०२.०६**

**विभिन्न निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं १८.०२.०६**

आ.व. २०८१।०८२ मा विभिन्न मितिमा भएका कार्यपालिका बैठक, विपद् व्यवस्थापन समितिको बैठक, राजस्व परामर्श समितिको बैठक र विभिन्न विषयगत समितिको बैठकका निर्णयहरु एवं कार्यपालिका, नगरप्रमुख, नगरउपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुसार विपद् व्यवस्थापन र स्वास्थ्य उपचार लगायतका आर्थिक सहायता वितरणको क्षेत्रमा भए गरेका खर्चहरुको सभाबाट अनुमोदन गर्नका लागि नगरप्रमुख श्री जिवलाल खरेल जीवनज्यू मार्फत प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा बहुमतले पारित गरियो ।

**प्रस्ताव नं १८.०२.०७**

**निर्णय अनुमोदन तथा अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

**निर्णय नं १८.०२.०७**

आ.व. २०८१।०८२ मा कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानूनको अधिनमा रही रकमान्तर एवं बजेट तथा कार्यक्रम संशोधन सम्बन्धी गरेका निर्णयहरु अनुमोदन गर्ने र आ.व २०८२।०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयनको क्रममा प्रचलित कानून अनुसार कार्यान्वयनका लागि कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्नका लागि नगरप्रमुख श्री जिवलाल खरेल जीवनज्यू मार्फत प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा बहुमतले पारित गरियो ।

जिवलाल खरेल जीवन
नगर प्रमुख